२. मूल नियमावलीको नियम २ मा संशोधनः– मूल नियमावलीको नियम २ को खण्ड (ग) मा रहेको "यी नियमहरू अनुसार" भन्ने शब्दहरू झिकिएको छ र सोही नियम २ को खण्ड (ङ) खारेज गरिएको छ ।

३. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ को शुरूमा रहेको "प्रत्येक उम्मेदवारले" भन्ने शब्दहरूको अगाडि "गाउँ पञ्चायतको सदस्यताको लागि हुने निर्वाचनमा खडा हुन चाहने" भन्ने शब्दहरू राखिएको छ र सोही नियम १२ को खण्ड (ख) देखि खण्ड (च) सम्म खारेज गरिएको छ ।

४. मूल नियमावलीको नियम ६३ मा संशोधनः– मूल नियमावलीको नियम ६३ को उप-नियम (२) को शुरूमा रहेको "उप-नियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्रधान पञ्च र उप-प्रधान पञ्च पदको निर्वाचनमा उम्मेदवारको रूपमा खडा हुनको लागि" भन्ने शब्दहरू राखिएको छ र सोही नियम ६३ को उप-नियम (१), उप-नियम (२) को खण्ड (ख) र (ग) र उप-नियम (३) र (४) खारेज गरिएको छ ।

५. खारेजीः– मूल नियमावलीको देहायकानियम, उप-नियम र खण्डहरू खारेज गरिएका छन्–

(क) नियम ४,
(ख) नियम ५ को उप-नियम (२),
(ग) नियम ६ देखि नियम ११ सम्म,
(घ) नियम १४ देखि नियम ६२ सम्म,
(ङ) नियम ६४ देखि नियम ८६ सम्म, र
(च) सबै अनुसूची र फारामहरू ।

आज्ञाले
(सुन्दरप्रसाद शाह)
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार
## गृह पञ्चायत मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नगर पञ्चायत (निर्वाचन) (चौथो संशोधन) नियमावली, २०२५ सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६०४

## नगर पञ्चायत (निर्वाचन) (चौथो संशोधन) नियमावली, २०२५

नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१६ (यस पछि मूल नियमावली भनिएको) मा संशोधन गर्नु वान्छनिय भएकोले,

नगर पञ्चायत ऐन, २०१६ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायकानियमहरू बनाएको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नगर पञ्चायत (निर्वाचन) (चौथो संशोधन) नियमावली, २०२५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम २ मा संशोधनः– मूल नियमावलीको नियम २ को खण्ड (ख) मा रहेको "यो नियमावली अनुसार" भन्ने शब्दहरू झिकिएको छ र सोही नियम २ को खण्ड (ग) खारेज गरिएको छ ।

३. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ को शुरूमा रहेको "प्रत्येक उम्मेदवारले" भन्ने शब्दहरूको अगाडि "नगर पञ्चायतको सदस्यताको लागि हुने निर्वाचनमा खडा हुन चाहने" भन्ने शब्दहरू थपिएको छ र सोही नियम १२ को खण्ड (ख) देखि खण्ड (च) सम्म खारेज गरिएको छ ।

४. मूल नियमावलीको नियम ७४ मा संशोधनः–मूल नियमावलीको नियम ७४ को उप-नियम (१) खारेज गरिएको छ र सोही नियम ७४ को उप-नियम (२) को शुरूमा रहेको "उप-नियम (१) बमोजिम" भन्ने शब्दको सट्टा" "प्रधान पञ्च र उप-प्रधान पञ्च पदको निर्वाचनमा खडा हुनको लागि दिइने" भन्ने शब्दहरू राखिएको छ ।

५. खारेजीः– मूल नियमावलीको देहायका नियमहरू खारेज गरिएका छन् ।

(क) नियम ३ देखि नियम ११ सम्म,

(ख) नियम १३ देखि नियम ७३ सम्म,

(ग) नियम ७५ देखि नियम ९० सम्म, र

(घ) सबै फारामहरू ।

आज्ञाले

सुन्दरप्रसाद शाह

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।